## भ्रम – Adrian Dewan

प्रभु मलाई बचाउनुहोस आत्मिकी भ्रमबाट

अभिनयको जीवन होइन, आराधनाको जीउनेछु

म प्रदर्शन र प्रतिस्पर्धा नबनोस मेरो धार्मिक्ता

बचाउनोस ठूलो धोकाबाट

वरदान असल छ औ ज्ञान पनि,

तर फलले छुट्टाउँछ साँचो हो भनि

सरल ईमान्दार प्रेमले भरिउँ

तपाई र मानिसहरू प्रति प्र

भु मलाई बचाउनुहोस आत्मिकी भ्रमदेखि

गोप्य जीवनमा धर्मी म हुन

चाहन्छु तपाईलाई खुसी तुल्याउन

तपाईले देख्नुभए पुग्नेछ,

ख़्रीष्टको स्याबासीले हुन्छु सन्तुष्ट

प्रभु मलाई बचाउनुहोस आत्मिकी भ्रमबाट

अभिनयको जीवन होइन, आराधनाको जीउनेछु

म प्रदर्शन र प्रतिस्पर्धा नबनोस मेरो धार्मिक्ता

बचाउनोस ठूलो धोकाबाट